# बैठक नं: ८१

आज मिति २०७८ असोज ४ गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८१औं कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सांती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नद कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दर्मै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. राज प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. दिपलाल श्रेष्ठ अधिकृत छैठौं, प्रशासन तथा योजना शाखा
३. राम कुमार श्रेष्ठ, जन स्वास्थ्य अधिकृत, स्वास्थ्य शाखा
४. शिव बाफ्कोटा, अधिकृत छैठौं आर्थिक विकास
५. विनोद अर्याल : लेखा अधिकृत, आ.प्र. शाखा
६. कृष्ण हरि बाफ्कोटा, सूचना प्रविधि अधिकृत
७. विमला लम्साल अधिकृत छैठौं सामाजिक विकास शाखा
८.

## मिति २०७८।६।१८ गतेको ८१ औं नगर कार्यपालिकाको वैठकमा प्रस्तुत छलफलका विषय

१, गत कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा सम्वन्धमा।

२, सि जी धामको पार्किङ व्यवस्थापन गर्ने सम्वन्धमा।

३, टोल सुधार समितिको कार्यविधि, आर्थिक सहायता उपलव्ध गराउने कार्यविधि र जलस्रोत नियमावली स्वीकृति सम्वन्धमा

४, छानविन समितिको प्रतिवेदन सम्वन्धमा।

५, कोभिड अस्पतालमा २४ घण्टा कार्यरत स्वास्थ्यकर्मीहरुको खाना/खाजा खर्च, इन्धन, एम्वुलेन्स सेवा उपयोग गर्ने सम्वन्धमा

६, वडा नं. १२ कोदिव्यनगर मुक्तिक्षेत्रको सडक कालोपत्रे शीर्षकको रकमबाट सोही सडक स्तरोन्नती गर्ने सम्वन्धमा।

७, वडा नं. ५ को सकला मा.वि. स्तरोन्नतीको लागि विनियोजित रकम सोही विद्यालयको लागि बस खरिदका लागि रकमान्तर गर्ने सम्वन्धमा।

८, नगर स्तरीय पोषण कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा।

२०७८/६/१८
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

मिति २०७८।६।१६ गतिको ८१ औं नगर कार्यपालिकाको बैठकमा छलफलभई निर्णय भएका विषय

निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०७८।५।२३ को नगर कार्यपालिकाबाट भएका निर्णयहरुको सम्वन्धमा समीक्षा गर्दा यस अघि भएका निर्णयहरु मध्ये तत्काल कार्यान्वयनमा ल्याउनु पर्ने प्रकृतिका विषयहरु कार्यान्वयनको चरणमा रहेको देखिन आयो ।

निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा विगत वर्ष देखि यस नगरपालिका वडा नं. ३ को सिजी साश्वत धाममा दर्शन गर्न आउने पर्यटकहरुले प्रयोग गर्ने सवारी साधन, सिजी उद्योगका लागि आवश्यक पर्ने औद्योगिक कच्चा पदार्थ ओसार पसार गर्ने सवारी साधन, स्थानीय व्यक्तिहरुबाट संचालित विभिन्न अस्थायी प्रकृतिका ठेला व्यवसायहरु समेत उक्त स्थानमा जथाभावि पार्किङ गरिराख्ने गरेको कारण कुनैपनि समयमा दुर्घटना हुन सक्ने संभावनालाइ न्यूनिकरण गर्न विगत वर्षमा यस कार्यालयबाट जग्गा समेत भाडामा लिइ खुल्ला प्रतिस्पर्धात्मक रुपले टेण्डर गरी पार्किङ व्यवस्थापन गरिएकोमा विश्वव्यपिरुपमा फैलिएको कोभिड महामारीका कारण यातायात सेवा बन्द भइ संभौता अनुसारको रकम संकलन हुन नसकेको, पटक पटक ताकेता हुंदा समेत अन्तमा जग्गा भाडा बाहेक मुस्कीलले मासिक रु, ३०,०००।- सम्म रकम संकलन हुने गरेको, हाल बुटवल-नारायणगढ खण्डको सडक बिस्तार तथा निर्माणको सिलसिलामा सडक किनारामा ग्राभेल, माटो जस्ता निर्माण सामाग्रीहरु संकलन गर्ने क्रमको थालनी भइसकेको कारण यस नगरपालिकाबाट जग्गा भाडासमेतको व्यवस्था गरी टेण्डर प्रकृयाका लागि उक्त पार्किङ क्षेत्रमा सूचना प्रकाशित गर्न दुविधाभइ स्थगित भइरहेकोमा गत आ.व.मा जग्गा भाडा दिएको सम्वन्धित जग्गा धनी देवचुली न.पा.३ का श्री माधब प्रसाद घिमिरे र देवनारायण वस्ताकोटीको छोरा सन्देश वस्ताकोटीले गत आ.व.को अन्तमा जग्गा भाडा वाहेक नगरपालिकाको मासिक आम्दानी वापतको रकम अग्रिम मासिक रुपमा नगरपालिकालाइ बुझाई नगरपालिकाबाट कुनै थप दायित्व तथा जिम्मेवारी बहन गर्न नपर्ने गरी उक्त स्थानमा आउने पर्यटकहरुलाइ असल व्यवहार सहित व्यवस्थित रुपले आफ्नै जग्गामा विगत वर्ष तोकिएको दर रेटमा नवढाई सवारी पार्किङ गराइ व्यवस्थापन गर्ने र संभौता अवधिसम्म मासिक रु, ३०,०००।-( तीस हजार रुपैया) अग्रीम रुपले नगरपालिकालाइ बुझाउने शर्तमा सम्वन्धित जग्गाधनीहरुले नै पार्किङ व्यवस्थापनका लागि निवेदन गरेकोले नगरपालिकाले आदेश जारी गरेको जुनसुकै वखत पार्किङ व्यवस्थापन रद्द गर्ने गरी केही समयका लागि अस्थायी रुपले सवारी पार्किङ का लागि जग्गा भएका निवेदक जग्गा धनीलाइ नै सवारी पार्किङ व्यवस्थापनका लागि संभौता गरी इजाजत दिने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**<u>निर्णय नं. ३,</u>**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा नगरपालिकाबाट तयार पारी विधायन समितिले दफावार छलफल गरी नगर कार्यपालिकामा पेश हुन आएका तपसिलमा उल्लेखित नियमावली तथा कार्यविधिहरु संशोधन सहित स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

(क) देवचुली नगरपालिकाको जलस्रोत नियमावली २०७८

(ख) देवचुली नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्वन्धी कार्यविधि,२०७८

(ग) देवचुली नगरपालिकाबाट उपलव्ध गराउने आर्थिक सहायता वितरण सम्बन्धि कार्यविधि २०७८

**<u>निर्णय नं. ४,</u>**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका स्वास्थ्यकर्मीहरुले कोभिड जोखिम भत्ता वापत उपलव्ध गराइएको रकमा गुनासो गरी सो का सम्वन्धमा राय/सिफारिस सहितको प्रतिवेदन पेश गर्नका लागि श्रीमान् नगर प्रमुख ज्यूबाट मिति २०७८।४।२४ मा आदेश भए अनुसार छानविन समिति गठन गरिएकोमा उक्त समितिले दिएको मिति २०७८।५।२५ को प्रतिवेदनमा स्पष्ट राय/सिफारिस प्राप्त हुन नआएकोले सो सम्वन्धमा समितिका सदस्यहरुसंग समन्वय गरी थप छलफल गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५,</u>**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगत समयमा यस नगरपालिका क्षेत्रमा समेत कोभिड महामारीले अधिकांश नगरवासीहरुलाइ प्रभावित पारेको,कोभिड अस्थायी अस्पतालमा २४ सै घण्टा स्वास्थ्यकर्मीहरु खटिइ सेवा उपलव्ध गराउनुपरेको कारण कोभिड अस्पतालमा २४ सै घण्टा सेवामा खटिएका स्वास्थ्यकर्मीहरुलाइ खाना/खाजा बापत दैनिक रु, ३३०/- उपलव्ध गराइएको, कोभिड अस्पतालमा भर्ना भइ प्रत्यक्ष्य स्वास्थ्यकर्मीको निगरानीमा उपचार गराउन नपर्ने प्रकृतिका कोभिड विरामीहरुलाइ होम आइसोलेशनमा स्वास्थ्य सेवा/परामर्श दिनजादाको यातायात वापत इन्धन उपलव्ध गराउदै आइएकोमा २०७८ असोज महिना देखि कोभिड रोगका विरामीहरु घट्दो क्रममा रहेकोले हाललाइ अर्को व्यवस्था भएमा वाहेक स्वास्थ्यकर्मीहरुलाइ उपलव्ध गराइएको खाना/खाजा खर्च वापतको रकम र यातायात वापतको इन्धन उपलव्ध गराउने कार्य वन्द गर्ने र कोभिड विरामीहरुको सेवाका लागि प्राथमिक स्वास्थ्य केन्द्र दुम्कौलीबाट उपलब्ध भएको एम्वुलेन्स र एम्वुलेन्स चालकलाइ २०७८ कार्तिक देखि नै सम्वन्धित स्वास्थ्य केन्द्रमा फिर्तागर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

## निर्णय नं. ६,

प्रस्ताव नं. ६ उपर छलफल गर्दा गत आ.व.२०७७/०७८ को नगर स्तरीय कार्यक्रम अन्तरगत बजेट,नीति तथा कार्यक्रममा समावेश भइ रु, १५ लाख रकम विभियोजन भएको कोभिड महामारीका कारण गत आ.व. मा सम्पन्न हुन बांही रही चालु आ.व. मा स्थानान्तरण भएको देवचुली नगरपालिका वडा नं. १२ को दिव्यनगर-मुक्तिक्षेत्र तराइ मधेश सम्बृद्धि कार्यक्रममको अधुरो बाटो कालोपत्रे गर्ने (विनियोजित रकम रु, १५ लाख) बजेटको उक्त योजना सम्वन्धित वडा समितिको मिति २०७८।५।१९ को निर्णय तथा माग/सिफारिस अनुसार आगामी नगरसभाबाट समर्थन हुने गरी चालु आ.व.मा सोही सडक स्तरोन्नती गर्ने कार्यका लागि स्वीकृतिदिने निर्णय गरियो ।

## निर्णय नं. ७,

प्रस्ताव नं. ७ उपर छलफल गर्दा देवचुली न.पा. वडा नं. ५ स्थित सकला मा.वि. स्तरोन्नती शीर्षकमा विनियोजित वडा गत बजेट रु, ३ लाख उक्त विद्यालयलाइ बस खरिद गर्ने कार्यकालागि आवश्यक परेकोले विद्यालयको लागि बस खरिदमा रकमान्तर गरिदिन वडा कार्यालयवाट माग/ सिफारिस भइ आएकोले आगामी नगरसभाबाट समर्थन हुने गरी उक्त रकम बस खरिद कार्यका लागि स्वीकृतिदिने निर्णय गरियो ।

## निर्णय नं. ८,

प्रस्ताव नं. ८ उपर छलफल गर्दा देवचुली नगरपालिका अन्तरगतको नगरस्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समितिले पेश गरेको आ.ब.२०७८/०७९ को वार्षिक कार्यक्रमलाई पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

२०७८।६।१९
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner